नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
भक्तपुर

पत्र संख्या :- २०७६/७७ मिति:- २०७७/०२/०२
चलानी नं.:- २६२६

विषय:- <u>बैठकको निर्णय पठाईएको ।</u>

श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिंहदरवार, काठमाडौं ।

उपयुर्क्त सम्बन्धमा श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौं, ललितपुर र भक्तपुरको CMC ( संकट् व्यवस्थापन समिति) को बैठकको निर्णय पाना नं. (२) यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

सादर अवगतार्थ:-
माननीय गृह मन्त्रीज्यू, गृह मन्त्रालय,सिंहदरबार, काठमाडौं ।
श्रीमान सचिवज्यू, गृह मन्त्रालय,सिंहदरबार, काठमाडौं ।

2077/2/2
लुना श्रेष्ठ
प्रशासकीय अधिकृत

इमेल: daobhaktapur@gmail.com ☎ ६६१४४३७, ६६१४८०१ फ्याक्स: ६६१४६०७

मिति २०७६।१।३१ गते काठमाण्डौ उपत्यकाका तीनवटै जिल्लाको कोभिड १९ संकट व्यवस्थापन केन्द्र (CMC) को संयुक्त बैठक प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका सचिव श्री महेन्द्र प्र. गुरागाईंको विशेष अतिथ्यतामा देहायका महानुभावहरुको उपस्थितिमा क्वारेन्टाइन स्थल भक्तपुरमा बसी देहाय अनुसार निर्णय गरियो।

## उपस्थिति

१. सचिव श्री महेन्द्र प्रसाद गुरागाई — प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

२. जि स स प्रमुख श्री शिव सुन्दर राज वैद्य — काठमाण्डौ

३. जि स स प्रमुख श्री नवराज गेलाल — भक्तपुर

४. मेयर श्री सोम प्रसाद मिश्र — चाँगुनारायण नगरपालिका

५. सहसचिव श्री फणीन्द्र मणि पोखरेल — गृह मन्त्रालय (सि एम सी)

६. श्री जनकराज दाहाल — प्र.जि.अ. काठमाण्डौ

७. श्री नारायण प्र. भट्ट — प्र.जि.अ. ललितपुर

८. श्री हुमकला पाण्डे — प्र.जि.अ. भक्तपुर

९. श्री खिमराज भुसाल — स.प्र.जि.अ. ललितपुर

१०. " जीवन प्रसाद आचार्य — " काठमाण्डौ

११. प्र.व.उ. टेक प्रसाद राई — ललितपुर प्रहरी, जावलाखेल

१२. प्र० व० उ० श्याम अधिकारी महानगरीय प्रहरी परिसर काठमाडौं
१३. प्रि.स. अ. पीताम्बर अधिकारी, जिल्ला समन्वय समिति, काठमाडौं
१४ प.हे.न.अ. पार्वती विष्ट, स्वास्थ्य कार्यालय काठमाडौं, बागमती प्रदेश
१५. व.स्वा.प्र. डा. खगेश्वर गेलाल स्वा.का. ललितपुर
१६ प्रमुख सेनानी महेन्द्र कुमार पुन श्री दल गण, सिंहदरबार
१७. व.जे.स्वा.अ. - कृष्ण बहादुर मिजार स्वा.का. भक्तपुर
मेडिकल सुपरिटेन्डेन्ट - डा. सुप्रिया गौतम
१९ प्र.उ. विश्वेश्वर थापा प्रिजन स्थित सिनामंगल काठमाडौं
20 उप.अ.नि. अर्जुन भण्डारी
21 स.प्र.उ. सुरेश कुमार श्रेष्ठ स.प्र.दल.नं. १४ गण ललितपुर
22 प्रमुख सेनानी उत्तम सापकोटा, श्री राजदल गण, लगनखेल, ललितपुर
23 सह-सेनानी नरेन्द्र बहादुर चन्द, श्री बीरदल गण सूर्यविनायक, भक्तपुर
24 प्र.उ. वामदेव गौतम महानगरीय ट्राफिक महाशाखा रामशाहपथ का.
25 उप अ.नि. उत्तम खनाल रा.अ.जि.का काठमाडौं,
26 स.प्र.उ. दिपेन्द्र शाह, स.प्र.दल नं १८ गण नितवराह गण काठमाडौं
27 सभापति नं.हे.सो भक्तपुर मनोजकुमार थापा ~~[illegible]~~
28 मंत्री ,, काठमाडौं श्यामकाजी डोटेल
29 सभापति, नेरेसो, ल.पु. जिल्ला शाखा बाबुराजा महर्जन
30 रा.अ.वि. वे.अ.स. राम प्रसाद घुसु
31 उप सेनानी, रोजिना मल्ल, श्री बीरदल गण, भक्तपुर
32 प्र.नि. कृष्णप्रसाद विष्ट म.प्र.प. भक्तपुर
33 प्र.स. शिव प्रसाद पौडेल श्री विरदल गण, भक्तपुर
34 प्र.उ. सबिन प्रधान म प्र प भक्तपुर
35 स.प्र.उ. विश्व कु. भट्टराई स.प्र.व. गुहेश्वरी गण भक्तपुर
36 उप अ.नि सुरेन्द्र कोइराला रा.अ.जि.का. भक्तपुर

## निर्णय

निम्नानुसारको व्यवस्था गर्न तालुक गृह मन्त्रालय मार्फत CCMC मा सिफारिस गर्ने निर्णय गरियो:

१. अत्यावश्यक वस्तु, खाद्यान्न, कृषि बाहेक अन्य सामाग्री ढुवानी गर्ने सवारी साधनको आवतजावतलाई निषेध गर्ने ।

२. काठमाडौं उपत्यका प्रवेश गर्ने मुख्य नाकाहरु (विशेष गरी भक्तपुरको जगाती र काठमाडौंको नागढुंगा) मा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका साथै स्वास्थ्यकर्मी सम्मिलित Dedicated Team खटाई विदेशबाट वा नेपालका प्रभावित स्थानबाट आउनेहरुका हकमा On-the-spot RDT गर्ने व्यवस्था गर्ने,

३. अत्यावश्यक सेवा प्रदान गर्ने कार्यालयहरु बाहेक अन्य कार्यालयहरु पन्ध्र दिन बन्द गर्ने,

४. परराष्ट्र मन्त्रालय मार्फत सबै दुतावासहरुलाई तत् तत् देशहरुमा रहेका नेपाली नागरिकहरुको नेपालमा बसोबास, विदेश प्रस्थान गरेको मिति र उमेर सहितको विष्तृत विवरण तयार गर्न लगाउने,

५. उद्योग कलकारखाना तथा निर्माण व्यवसायीका पसलहरु संचालन सम्बन्धमा उद्योग विभागबाट मापदण्ड तयार गरी संचालन गर्ने,

६. विकास आयोजनासँग सम्बन्धित ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्रीहरु ढुवानी गर्न स्पष्ट मापदण्ड बनाई संचालनमा ल्याउने,

७. काठमाडौं उपत्यकाका नागरिकहरुमा कोभिड-१९ संक्रमणको रोकथाम तथा नियन्त्रणमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, पत्रकार लगायतका जोखिममा रहेका मानिसहरुको स्वास्थ्य परिक्षणमा प्राथमिकता दिई परिक्षण गर्ने व्यवस्था मिलाउने । सोको लागि आवश्यक VTMKits स्थानीय तहले खरिद गर्ने व्यवस्था मिलाई प्राविधिक परिक्षण गर्ने व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने,

८. नेपाल सरकारले उद्दार गरेका वा अन्य कोभिड-१९ संक्रमण भएको हुनसक्ने शंकित मानिसहरुलाई व्यवस्थापन गर्न (क्वारेन्टाइनतथा होल्डिङ सेन्टरसंचालनार्थ) को लागि होटल, पार्टी प्यालेस, विद्यालय, तालिम केन्द्र जस्ता संरचनाहरु तथा सार्वजनिक स्थलहरुलाई आवश्यक परेको अवस्थामा प्रयोग गर्नसक्ने व्यवस्था गर्ने, र

९. क्वारेन्टाइन संचालन तथा व्यवस्थापन मापदण्ड, २०७६ मा व्यवस्था गरिएको खर्च व्यवस्थापन (Personal Kits, खाना आदि), दररेटमा प्रचलित दररेट र स्थानीय तहको आवश्यकताअनुसार संशोधन गर्ने ।